**Prithvi Journal of Research and Innovation**
[A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal; Indexed in NepJOL]
ISSN 2705-4888 [Print]; ISSN 2705-4896 [Online]; JPPS Star-Rated Journal
Volume 4; 15 December 2022; pp. 125-135
eJournal Site: http://ejournals.pncampus.edu.np/ejournals/pjri/

# वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा कक्षागत (कक्षा ९ र १०) तुलना

# [A Grade-Wise (Grade 9 and 10) Comparison of the Current Secondary Leval Nepali Language Curriculum]

**हिममाया पौडेल, उपप्राध्यापक**
**[Himmaya Paudel, Lecturer]**
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, त्रि.वि., पोखरा
[Department of Nepali Education, Prithvi Narayan Campus, Pokhara]

**Article History:**
*Submitted 26 October 2022*
*Reviewed 22 November 2022*
*Accepted 01 December 2022*

**Corresponding Author:**
*Himmaya Paudel*
*Email: himmayapoudel10@gmail.com*

**Article DOI**:
*https://doi.org/10.3126/pjri.v4i1.50167*

**Copyright Information:**
*Copyright 2022 © Authors of this journal; With permission of the authors, the copyright is transferred to the publisher for the first print and online edition only. This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.*

**Publisher:**
*Centre for Research and Innovation*
*Prithvi Narayan Campus*
*Tribhuvan University*
*Pokhara, Nepal*
*[Accredited by UGC, Nepal]*

*Tel.: +977-61-576837*
*Email: research@pncampus.edu.np*
*URL: www.pncampus.edu.np*

**सार [ABSTRACT]**

प्रस्तुत लेख वर्तमान नेपाली भाषा पाठ्यक्रम (कक्षा ९ र १०) को कक्षागत तुलना गर्ने मूल उद्देश्यमा आधारित रहेको छ । उत्पादनमुखी पाठ्यक्रमको प्रकार्यपरक (Functional) ढाँचालाई सैद्धान्तिक आधार बनाइएको प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । प्राथमिक सामग्रीका रूपमा माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१, भाग १) प्रयोग गरिएको प्रस्तुत अध्ययनमा शीर्षकसम्बद्ध अङ्ग्रेजी र नेपाली भाषाका अनुसन्धानात्मक सामग्रीहरू पनि उपयोग गरिएको छ। यसअनुसार निर्दिष्ट नेपाली भाषा पाठ्यक्रमको परिचय, तहगत सक्षमता, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रक्रियामा कक्षा ९ र १० बिच रहेको समानता तथा कक्षागत सिकाइ उपलब्धि एवं विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत विद्यमान तुलनीय प्रकार्यपरक भिन्नतामा अनुसन्धान आधारित गरिएको छ। विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत कक्षा नौका लागि कथाअन्तर्गत लोककथा र ऐतिहासिक कथा, रुपकअन्तर्गत संवाद र वक्तृता तथा चिठीअन्तर्गत घरायसी निवेदन /कार्यालयीय र दैनन्दिनका कार्यकलापमा आधारित दैनिकीलाई एवं कक्षा १० का लागि कथाअन्तर्गत पौराणिक, निबन्धअन्तर्गत सांस्कृतिक, रुपकअन्तर्गत एकाङ्की, वादविवाद र मनोवाद एवं चिठीअन्तर्गत व्यापारिकलाई भिन्न पाठ्यवस्तुका रूपमा छनोट गरी तिनमा आधारित प्रकार्यपरक पाठ्यवस्तुको प्रस्तुतीक्रम उल्लेख गरिएको देखिन्छ । कक्षागत सिकाइ उपलब्धिअन्तर्गत कक्षा नौमा सुनाइ र बोलाइलाई तथा कक्षा १० मा पढाइ र लेखाइलाई बढी जोड दिनुपर्ने, सुनाइ र बोलाइ बोध र अभिव्यक्तिका आधारभूत सिप भएकाले यिनको मूल्याङ्कनतर्फ २५ अङ्क अपर्याप्त रहेकाले ४० अङ्क बनाउनुपर्ने अध्ययनको निष्कर्ष रहेको छ । [The paper aims to make a grade-wise comparison of the current Nepali language curriculum with reference to Grade 9 and 10 of secondary level. The study has adopted a qualitative research method based on functional structure of the

productive curriculum. Using the secondary school curriculum (2071 BS, Part 1) as a primary source of information, the study has collected the data from research materials that are related to this topic. In doing so, the study is based on the differences in the functional structure of Grade 9 and 10 of secondary level curriculum in terms of its similarity, grade-wise learning and scope, order and details, especially focusing on the background, grade-wise competence, learning facilitation process and student evaluation method of the prescribed Nepali language curriculum. For Grade 9, folk tales and ancient tales for stories, dialogues and speeches for conversation, and formal or informal applications and everyday conversations have been selected for the scope, order and details of the curriculum; for Grade 10, ancient tales for stories, cultures for essays, one-act plays, dialogues and monologues for conversation and business for letters have been categorically selected for their presentation of functional materials. To meet the objectives of this study, it is recommended that emphasis should be given to listening and speaking for Grade 9, and reading and writing for Grade 10. Since the understanding and expression are the basic skills for listening and speaking activities, the evaluation weightage of 25 marks is insufficient; thus, the evaluation weightage should be 40 marks.]

**शब्दकुञ्जी** : भाषा पाठ्यक्रम, सहजीकरण प्रक्रिया, मूल्याङ्कन, उत्पादनमुखी, प्रकार्यपरक ढाँचा

[**KEYWORDS:** Language curriculum, facilitation process, evaluation, productive, functional structure]

## परिचय

भाषा पाठ्यक्रम भाषिक सिप विकास गर्न सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापको मार्गदर्शिका हो । अनुसन्धानका सिलसिलामा पाठ्यक्रमका क्षेत्रमा आधारित भएर यसको कार्यान्वयनको अवस्था, पाठ्यक्रम निर्माण एवं विकासावस्था, पाठ्यक्रमका प्रकार (विषयपरक, शिक्षार्थीपरक, प्रक्रियापरक, लगानीमुखी, उत्पादनमुखी), ढाँचागत अवस्था, तहगत र कक्षागत तुलना आदि विविध विषयमा अनुसन्धान भइरहनु जरुरी देखिन्छ ।

प्राचीन समयदेखि हालसम्म भाषा शिक्षणका बेग्लाबेग्लै सिकाइ पद्धतिअनुसार पाठ्यक्रमहरू पनि विभिन्न संरचनामा संरचित हुँदै आएको देखिन्छ । प्राचीन ग्रिसेली परम्परा र पूर्वीय संस्कृत परम्परामा भाषा र व्याकरण शिक्षणका आ-आफ्नै ढाँचा र योजना थिए । आधुनिक भाषा विज्ञानको विकास भएपछि भने भाषा पाठ्यक्रमको ढाँचामा व्यापक परिवर्तन आएको देखिन्छ । वर्तमानमा सिकारुका व्यक्तिगत रुचि, आवश्यकता, पूर्वअनुभव, क्षमता तथा समाजका आवश्यकता र समस्याहरूलाई पनि अधिकतम रूपमा ध्यानमा राखेर पाठ्यक्रम निर्माण र विकास गर्ने जमर्को भएको देखिन्छ । यिनै पाठ्यक्रमको तुलनात्मक अध्ययनतर्फ आजका अनुसन्धाताहरूको ध्यान आकृष्ट हुदै आएको छ । पाठ्यक्रमको उपयुक्त निर्माण प्रक्रिया र तिनको सही कार्यान्वयनले मात्र पाठ्यक्रमको उपादेयता प्रस्ट हुने र त्यसबाट विद्यार्थी लाभान्वित भई समाज र देशको गुणस्तरीय शैक्षिक विकासमा मद्दत पुग्ने भएकाले पाठ्यक्रमको तुलनात्मक अध्ययनका क्षेत्रमा अनुसन्धान भइरहनु जरुरी देखिन्छ ।

भाषा पाठ्यक्रमको निर्माण र विकास प्रक्रियामा उत्पादनमुखी पाठ्यक्रम एउटा नवीन अवधारणा हो । भाषा सिकाइका क्रममा के कस्तो ज्ञान आवश्यक हुन्छ ? कस्तो कार्यमा आधारित गरी भाषा शिक्षण गर्दा भाषा सिकाइ उपलब्धिमूलक हुन्छ ? भन्ने जिज्ञासाको समाधानका गर्न भाषा शिक्षणका क्षेत्रमा उत्पादनमुखी पाठ्यक्रमको अवधारणा विकास भएको देखापर्छ । प्रस्तुत लेख उत्पादनमुखी पाठ्यक्रम ढाँचाका विविध प्रकारमध्ये प्रकार्यपरक (Functional) ढाँचाको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ ।

भाषाका प्रकार्य प्रयोग गर्ने क्रममा यस पाठ्यक्रमले भाषाको संरचना, स्वरूप र सम्प्रेषणात्मक प्रयोग पक्षलाई आत्मसात् गर्नुपर्ने मान्यता राख्छ । माध्यमिक तहका विद्यार्थीहरूमा प्राप्त हुने भाषिक सिपका पछाडि के कस्ता पक्षहरू उत्पादनमूलक छन् तिनको खोजीबाट भाषा शिक्षणको प्रभावकारितासमेत आँकलन गर्न सकिने हुन्छ । यस दृष्टिले नेपाली भाषाका पाठ्यक्रमहरूले उत्पादनमुखी भाषा सिकाइमा के कसरी प्रभाव पार्दै आएका छन् भन्ने कुराको तथ्यगत जानकारीका लागि गहन तथा व्यवस्थित रूपमा खोज कार्य नभएको परिप्रेक्ष्यमा उत्पादनमुखी पाठ्यक्रमको प्रकार्यपरक ढाँचागत अभिलक्षणअनुरुप विद्यालय

शिक्षाको मुख्य आधार वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रम (कक्षा ९ र १०) को कक्षागत तुलना महत्त्वपूर्ण कार्यका रूपमा रहेको छ ।

**अध्ययनको समस्या एवं उद्देश्य**

उत्पादनमुखी पाठ्यक्रमको प्रकार्यपरक ढाँचाका आधारमा वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रमको कक्षागत (कक्षा ९ र १०) तुलना शीर्षकअन्तर्गत निर्दिष्ट पाठ्यक्रमका उद्देश्यहरू, पाठ्यवस्तु यसको क्षेत्र तथा विवरण, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कनका पक्षमा प्रकार्यपरक विशेषतालाई कक्षागत रूपमा के कसरी उययोग गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई तुलनात्मक रूपमा अध्ययन गरिएको यस लेखमा निम्न अनुसारका समस्यामा आधारित उद्देश्यहरू निर्धारण गरिएका छन् :

(क) वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रम कक्षा ९ र १० मा समानताहरू के कस्ता छन् ?

(ख) वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रम कक्षा ९ र १० मा भिन्नताहरू के कस्ता छन् ?

प्रस्तुत शोध समस्याहरूको सूक्ष्म विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यसका उद्देश्यअनुसार प्रस्तुत पाठ्यक्रमका समानता र भिन्नताहरू अध्ययन गरी वस्तुगत र गहन रूपमा विश्लेषण गर्ने कार्य यसमा गरिएको छ ।

**पूर्वकार्यको समीक्षा तथा अध्ययनको औचित्य**

भाषा पाठ्यक्रमका क्षेत्रमा केही रूपमा अध्ययन गर्ने कार्यको सुरुवात हुँदै आएको देखिन्छ । पूर्ववर्ती अध्ययनहरूले पाठ्यक्रमका क्षेत्रमा अध्ययन गर्नका लागि केही रूपमा सैद्धान्तिक र प्रायोगिक धारणा निर्माण गर्न सहयोग पुऱ्याउनुका साथै तिनमा विद्यमान ज्ञानको रिक्तता खोजी गर्न मार्ग निर्देश गरेका छन् । अहिलेसम्म यस क्षेत्रमा भएका पूर्वकार्यहरूको समीक्षा गरी यस अध्ययनको औचित्य यसप्रकार स्थापित गरिएको छ :

चौलागाईं (२०६६) द्वारा *माध्यमिक तहको अनिवार्य भाषा पाठ्यक्रम (२०३८ र २०६४) को तुलनात्मक अध्ययन* शीर्षकको शोध भाषा पाठयक्रमका विशेषताका आधारमा विश्लेषण र मूल्याङ्कन गर्ने उद्देश्यमा आधारित देखिन्छ । २०३८ को पाठ्यक्रमको उद्देश्यमा बोध र अभिव्यक्ति सिपलाई समावेश नगरिनु, शब्दभण्डार विकासका निम्ति समसामयिक विषयवस्तुसँग सम्बन्धित उद्देश्य समावेश नगरिनु, दुवै तहमा लैङ्गिक समतालाई विचार नपुऱ्याइनु, भाषिक सिपका उद्देश्यहरू अलग अलग रूपमा नदिइनु र दुवै तहमा केही उद्देश्य विशिष्ट र स्पष्ट रूपमा नरहेको निष्कर्ष निकालिएको छ ।

मैनाली र मैनाली (सन् २०१०) द्वारा लिखित *विश्लेषणात्मक चिन्तन : शिक्षण सिकाइ र रणनीति* नामक पुस्तकमा परम्पराभन्दा पृथक तरिकाले पनि शिक्षण सिकाइ गर्न सकिने विचार प्रस्तुत गर्दै विश्लेषणात्मक चिन्तन र सिकाइका नयाँ रणनीतिबारे विस्तृत चर्चा गरिएको छ । हाम्रा विद्यालय, कलेज र विश्वविद्यालयको शिक्षणमा विश्लेषणात्मक चिन्तन विधि अवलम्बन गरेर शिक्षण गरिएमा यसले विद्यार्थीमा विश्लेषण गर्ने, गहिरो चिन्तन गर्ने, आफ्नो राय प्रस्तुत गर्ने, समाधानका उपाय खोज्ने, प्रस्तुत गरिएका विषय वस्तुहरूलाई सहजै स्वीकार नगरी त्यसमा प्रश्न गर्ने अथवा त्यसमा वैकल्पिक विचार राख्ने र आलोचनात्मक दृष्टि राख्ने, तर्क तथा प्रतितर्क प्रस्तुत गर्ने र प्राप्त ज्ञान तथा सिपलाई आफ्नो जीवनमा प्रयोग गर्ने आदि क्षमताको विकास गर्न मद्दत पुग्ने कुरा उल्लेख गरिएको छ ।

पौडेल (२०६७) द्वारा *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति* पुस्तक तयार गरिएको पुस्तकको अध्याय चारअन्तर्गत वि.स २०६४ को पाठ्यक्रमलाई आधार बनाई *माध्यमिक तहको वर्तमान (२०६४) नेपाली भाषा पाठ्यक्रमको अध्ययन विश्लेषण र मूल्याङ्कन* शीर्षकमा अध्ययन भएको देखिन्छ । पाठ्यक्रमका तत्त्वगत आधारमा उक्त पाठ्यक्रमको विश्लेषण र मूल्याङ्कन गर्ने उद्देश्य राखिएको प्रस्तुत पुस्तकमा पाठ्यक्रमका शीर्षक, परिचय, उद्देश्य, पाठ्यवस्तु र यसको वितरण ठिकै रहेको शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रभावकारी नरहेको, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको सूचना नदिइएको निष्कर्ष निकालिएको छ ।

अब्दुस (सन् २०१५) द्वारा *इनपुट, प्रोसेस एण्ड अउटपुट : सिष्टम एप्रोच इन एजुकेशन टु एस्युर द क्वालिटी एण्ड एक्सलेन्स इन पफर्मेन्स* शीर्षकको लेखमा उद्देश्य, विषयवस्तु, विधि र मूल्याङ्कन पाठ्यक्रमका प्रमुख तत्त्व भएको र यी पक्षलाई लगानी (Input), प्रक्रिया (Process) प्राप्ति/उत्पादन (Output) मा प्रयोग गरेर शैक्षिक प्रभावकारिताको पहुँचमा पुऱ्याउन सकिनेबारे विश्लेषण गरिएको छ । शैक्षिक उद्देश्यभित्र संज्ञानात्मक, प्रभावी र मनोक्रियात्मक पक्षहरू समावेश हुनुपर्ने, प्रभावकारी उद्देश्य

निर्माण गर्न विद्यार्थी, उनीहरूको व्यवहार, अवस्था र सिकाइको गतिमा जोड दिनुपर्ने र उत्पादनमुखी पाठ्यक्रमको पूर्वाधारका रूपमा लगानीको भूमिका महत्वपूर्ण हुने निष्कर्ष प्रस्तुत गरिएको छ ।

पौडेल (२०७१) द्वारा तयार गरिएको *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति* पुस्तकको अध्याय तीनअन्तर्गत *माध्यमिक तहको वर्तमान (वि.स २०६४) भाषा पाठ्यक्रमको अध्ययन विश्लेषण र मूल्याङ्कन* नामक शीर्षकमा भाषा पाठ्यक्रममा अन्तर्निर्हित तत्त्वका आधारमा सूक्ष्म विश्लेषण गरिएको छ । भाषा पाठ्यक्रमको सामान्य ढाँचागत आधारमा गरिएको प्रस्तुत अध्ययनको परिचय भागमा भाषा शिक्षणको महत्त्वलाई प्रकाश पार्दै पाठ्यक्रमले जोड दिएका पक्षहरूलाई विभिन्न बुँदाहरूमा प्रस्तुत गरिएको, उद्देश्यका धेरैजसो बुँदाहरू सिपपरक र मापनीय रहे पनि केही बुँदाहरू मापनीयताका दृष्टिले कमजोर र अस्पष्ट रहेका, भाषिक सिपमा जोड दिएको पाइए पनि माध्यमिक तहमा बढी रूपमा पढाइ सिपलाई जोड दिनु पर्नेमा लेखाइ सिपतर्फ झुकाव रहेको, साप्ताहिक र वार्षिक पाठ्यभार दुवै कक्षामा क्रमश : ५ र १५० समान रहे पनि १० कक्षाका लागि मुख्य पाठ्वस्तुलाई छुटाइएको, शिक्षण सिकाइ प्रक्रिया स्पष्ट नभई विधागत शिक्षण प्रयोजनमा मात्र केन्द्रित भएको, मूल्याङ्कनमा सुनाइ र बोलाइ सिपलाई बेवास्ता गरी लिखित परीक्षालाई मात्र जोड दिइएको निष्कर्ष निकालिएको छ ।

पौडेल (२०७७) द्वारा तयार गरिएको *प्रकार्यवादी अवधारणा : सैद्धान्तिक मान्यता र भाषा शिक्षणमा यसको सम्बन्ध* लेखमा प्रकार्यवादी अवधारणाको सैद्धान्तिक मान्यता विश्लेषण गर्दै भाषा शिक्षणमा यसको सम्बन्ध स्थापित गर्ने उद्देश्य राखिएको छ । प्रकार्यवादी अवधारणाको परिचय र सैद्धान्तिक स्वरूप स्थापना गरिएको यस कार्यमा कुनै निश्चित स्थान, समय, क्रम, मात्रा, आदि धारणा र सूचना, अनुमोदन, अनुरोध, समर्थन स्वागत, निमन्त्रणा, प्रश्न, निषेध, आलोचना, प्रस्ताव आदि प्रकार्यलाई सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । यसमा 'प्रकार्यवादी ढाँचा' कार्यमा आधारित भाषा शिक्षण (Task Based language Teaching- TBLT) सँग र लक्षित भाषा )target language( प्रयोग गरेर अर्थपूर्ण कार्यहरू सम्पन्न गर्ने कार्यसँग सम्बन्धित भएको कुरा प्रस्तुत गर्दै प्रकार्यवादी अवधारणा अनुरूपको शिक्षण विद्यार्थीकेन्द्रित शिक्षण तथा आगमनात्मक पद्धतिमा आधारित हुने, भाषाशिक्षण गर्ने क्रममा सर्वप्रथम सिकारुका इच्छा र आवश्यकताहरूको सङ्कलन र विश्लेषण गरी त्यस आधारमा आवश्यक भाषिक प्रकार्यहरूको सूची तयार गरिने, शिक्षकको भूमिका शिक्षणका लागि वातावरण निर्माता, कुशल निर्देशक, पथ प्रदर्शक, प्रायोजक, परामर्श दाता आदिका रूपमा रहने उल्लेख गर्दै भाषा सामाजिक वस्तु भएकाले सामाजिक कार्य सम्पन्न गर्न प्रकार्यहरूमा आधारित भएर भाषा प्रयोग गर्नुपर्नेतर्फ प्रकार्यवादी अवधारणा निर्देशित रहेको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शीर्षकसँग सम्बन्ध राख्ने त्यति धेरै अध्ययनहरू यसपूर्व सम्पन्न भएका पाइदैनन् । केही रूपमा सम्पन्न भएका कार्यहरू यस अध्ययनका लागि आंशिक रूपमा उपयोगी भएका छन् । सैद्धान्तिक पूर्वकार्यहरूले भाषा शिक्षणका सैद्धान्तिक पक्षलाई प्रकाश पारेकाले यी अध्ययनबाट सैद्धान्तिक धारणा निर्माण गर्न आंशिक रूपमा सहयोग पुगे पनि निर्दिष्ट भाषा पाठ्यक्रममा प्रयुक्त प्रकार्यात्मक अवस्था खोजी गर्न मद्दत पुगेको छैन । प्रयोगात्मक पूर्वकार्यहरू पनि भाषा पाठ्यक्रमको अध्ययनसम्बन्धी सामान्य ढाँचागत आधारमा नै सम्पन्न भएकाले प्रकार्यपरक दृष्टिले तुलनात्मक अध्ययन गर्ने कार्यमा तिनको उल्लेख्य भूमिका देखिदैन । वस्तुतः वर्तमान माध्यमिक तह, कक्षा नौ र १० को नेपाली भाषा पाठ्यक्रमबिच तुलनात्मक अध्ययन एउटा मौलिक र नवीन कार्यका रूपमा रहेको छ । प्रकार्यवादी अवधारणा कार्यमा आधारित भाषा शिक्षण गर्न विकास गरिएको नवीनतम अवधारणा भएकाले यस आधारमा निर्दिष्ट पाठ्यक्रम (कक्षा ९ र १०) मा उद्देश्य, पाठ्यवस्तु र यसको विवरण, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कनको व्यवस्था कस्तो छ, त्यसको सूक्ष्म रूपमा तुलनात्मक अध्ययन गर्नु यस लेखको औचित्यपूर्ण कार्य रहेको छ । साथै यस अध्ययनको प्राप्ति तथा निष्कर्षको उपयोग गरेर नेपाली भाषा शिक्षण कार्यकलापलाई निर्देशित गर्न, शैक्षिक नीति तथा पद्धति निर्माणका साथै प्राप्त निष्कर्षको सामान्यीकरण गरेर अन्य तहका पाठ्यक्रम निर्माण, सुधार र परिमार्जन गर्न यस अध्ययन औचित्यपूर्ण रहने देखिन्छ ।

## अध्ययन विधि एवं प्रक्रिया

भाषा पाठ्यक्रम निर्माणको प्रकार्यपरक ढाँचालाई सैद्धान्तिक आधार बनाइएको प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन गर्दा पुस्तकालयीय पद्धति अवलम्बन गरिएको छ । जसमा प्राथमिक स्रोत सामग्रीका रूपमा माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१, भाग १) अध्ययन गरी तथ्यहरू सङ्कलन गरिएको छ भने द्वितीय स्रोत सामग्रीका रूपमा प्रस्तुत शीर्षकसम्बद्ध अङ्ग्रेजी र नेपाली भाषाका अनुसन्धानात्मक पुस्तक, जर्नल, लेख, शोध प्रतिवेदन तथा शोध प्रबन्धहरू उपयोग गरिएको छ । अनुसन्धानको गुणात्मक ढाँचालाई

अवलम्बन गरिएको प्रस्तुत अध्ययनमा निर्दिष्ट पाठ्यक्रमका कक्षागत समानता अध्ययन गर्दा तहगत सक्षमताअन्तर्गत नेपाली भाषाका प्रकार्यपरक सिप विकासको अपेक्षागत खोजी गरिएको छ । जसमा निर्दिष्ट पाठ्यक्रमका सक्षमता र कक्षागत सिकाइ उपलब्धि (उद्देश्य) सम्बद्ध सङ्कलित सामग्रीहरूलाई पद विश्लेषण (Item analysis) का माध्यमबाट प्रतिशतमा अङ्कन गरी समानता र भिन्नता पर्गेलिएको छ । शिक्षण सिकाइ प्रक्रियाअन्तर्गत विद्यार्थीकेन्द्रित शिक्षण तथा सक्रिय सहभागितामूलक कार्यकलाप र मूल्याङ्कन प्रक्रियाअन्तर्गत प्रकार्यपरक पाठ्यवस्तु एवं सन्दर्भमा आधारित रचनात्मक सिपको मूल्याङ्कनगत समानताको विश्लेषण गरिएको छ । अध्ययनका क्रममा अर्को तुलनीय पक्ष विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण सम्बद्ध तथ्यहरूलाई विश्लेषण गर्दा वर्णनात्मक विधिमार्फत समग्रतामा तुलनात्मक व्याख्या गरिएको छ । यी पक्षका तथ्यहरूलाई विश्लेषण गर्दा थिमाटिक विश्लेषण (Thematic analysis) गरी वर्णनात्मक विधिमार्फत व्याख्या तथा विश्लेषण गरिएको छ । यसक्रममा सामग्री सङ्कलन गरिएको व्यापक एवं ठुलो परिमाणको सामग्रीबाट केही अर्थपूर्ण थिम (Theme) निकाली तिनको गहन व्याख्या एवं विश्लेषण यसमा गरिएको छ । प्रस्तुत लेखमा एपिए सातौँ संस्करणको अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ ।

**सैद्धान्तिक आधार**

भाषा पाठ्यक्रमका क्षेत्रमा केन्द्रित भई अनुसन्धान गर्ने कार्यमा पनि निश्चित सैद्धान्तिक आधार अवलम्बन गर्नु जरुरत हुन्छ । यस अनुसन्धानमा पनि उत्पादनमुखी पाठ्यक्रम ढाँचा र यसको मुख्य प्रकार प्रकार्यपरकतालाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ ।

***उत्पादनमुखी पाठ्यक्रम***

भाषा सिकाइ भाषिक उत्पादनसँग सम्बन्धित हुन्छ भन्ने मान्यतामा आधारित पाठ्यक्रमलाई उत्पादनमुखी पाठ्यक्रम भनिन्छ । यो पाठ्यक्रम भाषिक उत्पादनसित सम्बन्धित छ । विद्यार्थीहरूले सिकाइपश्चात् पाठ्यक्रमका उद्देश्यहरू के कति रूपमा हासिल गर्न सके भन्ने कुरा उत्पादनमुखी पाठ्यक्रम ढाँचासँग सम्बन्धित हुन्छ (यादव र जि.सी., २०७५, पृ.१२२) । पाठ्यक्रमको उपलब्धिअन्तर्गत गुणस्तरीय मानवीय संसाधनको उत्पादन पर्दछ । यसका लागि शैक्षिक प्रणालीमा गरिएको व्यवस्थापनका साथै त्यसअनुसार पाठ्यक्रमको निर्माण र कार्यान्वयनको अवस्था पनि जोडिएको हुन्छ । पाठ्यक्रम विकास प्रक्रियामा लगानी, प्रक्रिया र प्राप्ति को आवश्यकता पर्दछ । जसमा लगानी अन्तर्गत विद्यार्थी, शिक्षक, बजेट, नीति तथा कार्यक्रम पर्दछन् । प्रक्रिया अन्तर्गत शैक्षिक संस्था, पाठ्यक्रम र शिक्षण प्रक्रियाको गुणस्तर पर्दछन् भने प्राप्ति अन्तर्गत विद्यार्थीका सक्षमता, व्यवहार, सिकाइमा सहभागिता पर्दछन् (रेजन, सन् १९८८, पृ.११ ) । यस ढाँचाअनुसार विद्यार्थीहरूलाई सिकाइका विभिन्न विषयवस्तुमा विद्यार्थीकेन्द्रित विधिका माध्यमबाट भाषा सिकाइमा संलग्न गराइन्छ (सलाम, २०१५) । उत्पादनमुखी ढाँचामा विषयवस्तुको प्रकृतिअनुसार विभिन्न प्रक्रियाका माध्यमबाट कार्यमा आधारित सिकाइको प्रयोग गरिन्छ । यसअन्तर्गत संरचनात्मक, व्याकरणात्मक, शाब्दिक, सन्दर्भपरक र प्रकार्यात्मक आदि ढाँचा पर्दछन् । यस लेखमा प्रकार्यपरक पाठ्यक्रम ढाँचालाई मुख्य आधार बनाइएको छ ।

कुनै विषय र सन्दर्भमा आधारित भाषाको प्रयोगलाई प्रकार्यपरक भाषाका रूपमा लिइन्छ । स्थान, समय, क्रम, मात्रा, आदि धारणा तथा अनुमोदन, अनुरोध, समर्थन, स्वागत, निमन्त्रणा, प्रश्न, निषेध, आलोचना, प्रस्ताव आदि प्रकार्यलाई केन्द्रविन्दु बनाएर भाषा शिक्षण गर्न जोड दिने पाठ्यक्रमलाई प्रकार्यवादी पाठ्यक्रम भनिन्छ (पौडेल, २०६७, पृ. २९२) । प्रस्तुत विषय र सन्दर्भमा आधारित संवाद, विवाद, अनुच्छेद तथा पाठ रचना पनि यसअन्तर्गत पर्दछन् । प्रकार्यवादी पद्धतिका प्रणेता विलकिन्स (सन् १९७२) ले 'धारणात्मक पाठ्यांशहरू' (Notional syllabus) नामक पुस्तकमा प्रकार्यात्मक पद्धतिको सविस्तार चर्चा गरे (ढकाल र खतिवडाद्वारा उद्धृत, २०६९, पृ.७८) । यसमा उनले एकातिर भाषाका धारणात्मक तहअन्तर्गत समय, क्रम, परिमाण, स्थान, आवृत्ति आदि र अर्कातिर अनुरोध, निषेध, प्रस्ताव, अनुमोदन, स्वागत, प्रश्न आदि सम्प्रेषणात्मक कार्यको तह पनि प्रस्तुत गर्दै त्यसअनुरूप भाषा शिक्षणलाई दिशानिर्देश गर्नुपर्ने आशय प्रस्तुत गरे । प्रस्तुत प्रकार्यपरक पद्धतिले भाषा पाठ्यक्रमको ढाँचा विकास गर्ने मार्गलाई निर्दिष्ट गरेको देखिन्छ ।

प्रकार्यपरक ढाँचाअनुसार भाषाशिक्षण गर्दा सर्वप्रथम विद्यार्थीका इच्छा र आवश्यकताहरूको विश्लेषण गरी प्राप्त निष्कर्षका आधारमा आवश्यक भाषिक प्रकार्यहरूको सूची तयार गरिन्छ र पाठ्यसामग्रीहरू निर्माण गरिन्छ । त्यसपछि उपयुक्त पाठ्यसामग्रीहरूको उचित व्यवस्था गरी योजनाबद्ध र सहभागितामूलक कार्यकलापहरू सञ्चालन गरिन्छ । शिक्षकको भूमिकालाई हेर्दा शिक्षक वातावरण निर्माता,

कुशल निर्देशक, पथ प्रदर्शक, शिक्षण प्रक्रिया सञ्चालनको प्रयोजकका रूपमा, परामर्श दाता आदिका रूपमा रहेको हुन्छ (शर्मा र पौडेल, २०६०, पृ. ८९) । कक्षामा शिक्षकले भाषा सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने, कुशल निर्देशन गर्ने कार्य गर्दछन् र भाषा शिक्षण सिकाइका लागि प्रायोजकको भूमिकामा रहन्छन् । भाषा प्रयोग हुने विषयगत सन्दर्भले प्रकार्यगत पक्षलाई निर्धारण गर्दछन् । उदाहरणका लागि अपरिचत व्यक्तिसँग भेट हुँदा, भान्सामा खाना पकाउँदा, परिवारसँगै बसेर खाना खाँदा, नव आगन्तुकलाई स्वागत एवं सम्मान गर्दा आदिको सन्दर्भमा प्रयोग गर्ने भाषा सिकाउन प्रकार्यपरक पाठ्यक्रमको जोड रहेको हुन्छ ।

**नतिजा र विश्लेषण**

भाषाले निश्चित विषय र सन्दर्भमा आधारित खास कार्य सम्पन्न गरेको हुन्छ । भाषिक कार्य सिकारुको व्यवहार र समाजसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । प्रस्तुत अध्ययनमा सिकारुले गर्ने के कस्ता भाषिक प्रकार्यहरूलाई कक्षा ९ र १० मा उपयोग गरिएको छ ? यसको खोजी गरेर प्राप्त नतिजा र विश्लेषण यसप्रकार प्रस्तुत गरिएको छ :

***वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा कक्षागत (कक्षा ९ र १०) तुलना***

माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) मा व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय जनजीवनमा आइपर्ने समस्या समाधान गर्न, विविध प्रकारका श्रम तथा पेसाप्रति सकारात्मक सोंच राख्न, समालोचनात्मक सोंचको विकास गर्न, विश्लेषणात्मक सिपको विकास र उपयोग गर्न, सक्षम नागरिक तयार गर्न सहयोग गर्नजस्ता उद्देश्य रहेको उल्लेख गरिएअनुसार प्रस्तुत दुवै कक्षाको पाठ्यक्रम उत्पादनमुखी ढाँचामा संरचित भएको देखा पर्छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१, पृ. १) । यसअनुसार निर्दिष्ट पाठ्यक्रमको तुलनात्मक अध्ययन गरी प्राप्त नतिजाको विश्लेषण यसप्रकार गरिएको छ :

**तालिका १**

*वर्तमान माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा कक्षागत (कक्षा ९ र १०) तुलना*

| क. स. | कक्षागत समानता | कक्षागत भिन्नता |
|---|---|---|
| १. | परिचय | कक्षागत सिकाइ उपलब्धि |
| २. | तहगत सक्षमता | पाठ्यवस्तु र यसको विवरण |
| ३. | सिकाइ सहजीकरण प्रक्रिया | - |
| ४. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | - |
| **जम्मा** | **चार** | **दुई** |

प्रस्तुत वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रमको कक्षागत (कक्षा नौ र १०) तुलना अध्ययनका क्रममा समानताका रूपमा पाठ्यक्रम परिचय, तहगत सक्षमता, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रक्रिया रहेको देखिन्छ भने कक्षागत भिन्नताका रूपमा सिकाइ उपलब्धि एवं पाठ्यवस्तु र यसको विवरण रहेको देखिन्छ । यसअनुसार तुलनात्मक विश्लेषण यसप्रकार गरिएको छ :

***वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रम कक्षा ९ र १० मा रहेका समानता***

प्रस्तुत माध्यमिक शिक्षा पाठ्यक्रम, कक्षा नौ र १० मा परिचय, तहगत सक्षमता, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियाअन्तर्गत उपयोग भएको व्यवस्था समान रूपमा प्रदर्शित भएको देखापर्दछ । काम गरेर सिप सिक्ने क्रियाकलापलाई केही रूपमा केन्द्रमा राखी त्यसअनुसार पाठ्यक्रममा उचित व्यवस्था गरिएको देखिन्छ । निर्दिष्ट भाषा पाठ्यक्रमका कक्षा नौ र १० मा रहेका समानतालाई निम्न उपशीर्षकका आधारमा यसप्रकार विश्लेषण गरिएको छ :

*परिचय :* प्रस्तुत माध्यमिक शिक्षा पाठ्यक्रमको 'परिचय' शीर्षकमा नेपाली भाषा शिक्षणको अर्थ, अभिप्राय, आवश्यकता, उद्देश्य र भूमिकालाई सटिक एवं मितव्ययी कथनमा उल्लेख गरिएको छ । उक्त पाठ्यक्रमको अग्रभागको भूमिका र परिचय खण्डमा पाठ्यक्रम परिमार्जनका आवश्यकतालाई स्पष्ट पार्दै विभिन्न अनुसन्धान प्रतिवेदन, संघ संस्था र नागरिक समाजका सुझावलाई ग्रहण गरी पाठ्यक्रम परिमार्जन गरिएको सन्दर्भलाई स्पष्ट पारिएको छ । यस भागमा पाठ्यक्रमले जोड दिएका पक्ष तथा विशेषताहरूलाई

विभिन्न ७ वटा बुँदाहरूमा प्रस्तुत गरिएको छ । जसमा भाषा शिक्षणलाई व्यावहारिक बनाउन प्रयत्न गरिएको, सिपगत सिकाइ उपलब्धि निर्धारण गरिएको, छनोट र स्तरणमा ध्यान पुऱ्याइएको, विधा तथा व्याकरणको क्षेत्र र क्रम स्पष्ट रूपमा उल्लेख गरिएको, व्याकरणलाई रचनात्मक बनाई भाषा प्रयोगको आधार बनाइएको, सहजीकरण प्रक्रिया निर्देशित गरिएको, भाषिक क्षमता अभिवृद्धि गर्न रचनामुखी विषयवस्तु राखिएको आदि सन्दर्भलाई प्रस्तुत गरिएको छ (मा.शि.पा.२०७१, पृ.२६) । त्यसैगरी सिप विकासका साधनका रूपमा विधाहरू राखिएको र विधाको प्रकृतिका आधारमा उपयुक्त भाषातत्त्व राखिएको कुरा स्पष्टसँग खुलाइएको देखिन्छ । प्रस्तुत प्रकार्यपरक सूचनाका दृष्टिले माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यक्रमको परिचय स्तम्भ उपयुक्त रूपमा अन्वित गरिएको देखिन्छ ।

*तहगत सक्षमता :* वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रम कक्षा नौ र १० मा साधारण उद्देश्यहरू एकीकृत रूपमा निर्धारित छन् । यसअनुसार साधारण उद्देश्यमा समानता रहेको देखिन्छ । उद्देश्य पाठ्यक्रमको केन्द्रविन्दुका रूपमा रहेको हुन्छ । उद्देश्यअन्तर्गत भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको प्रकार्यपरक अपेक्षा खोजी गरिन्छ । प्रकार्यपरक पाठ्यक्रममा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई कार्यमा आधारित गरी उद्देश्य निर्धारण गर्ने दृष्टिकोण अवलम्बन गरिन्छ । यस दृष्टिले निर्दिष्ट पाठ्यक्रममा नौ र १० दुवै कक्षाका लागि १७ वटा उद्देश्यहरू साधारण उद्देश्यका रूपमा निर्माण गरिएका छन् । दोस्रो बुँदाले सुनाइ र पढाइसम्बन्धी, तेस्रो बुँदाले बोलाइ र लेखाइसम्बन्धी, छैटौं बुँदाले पढाइसम्बन्धी, दसौँ र एघारौँ बुँदाले बोलाइ र लेखाइसम्बन्धी प्रकार्यपरक भाषिक सिप विकासको अपेक्षा राखेको देखिन्छ ( मा.शि.पा.२०७१, पृ. २७) । तहगत सक्षमता अन्तर्गतको १३ नं. बुँदा अस्पष्ट तथा अमापनीय देखिन्छ भने अन्य कतिपय बुँदाले आलोचनात्मक, संश्लेषणात्मक, विश्लेषणात्मक, खोज आदिको अपेक्षा राखेको देखिन्छ (मा.शि.पा.२०७१, पृ.२७-३०) । यस्ता उद्देश्यहरू प्रकार्यपरक दृष्टिले बढी महत्त्वाकाङ्क्षी देखिएका छन् ।

*सिकाइ सहजीकरण प्रक्रिया :* प्रस्तुत पाठ्यक्रमको सिकाइ सहजीकरण प्रक्रियाअन्तर्गत विविध प्रकार्यपरक कार्यकलापहरूलाई समेटिएको देखिन्छ । कक्षा नौ र १० दुवै कक्षाका लागि यसलाई समान रूपमा निर्देशित गरिएको छ । यसअन्तर्गत 'क्रियाकलाप' उपशीर्षकको 'प्रस्तुतीकरण' मा कार्यमूलक भाषिक एकाइ, सुनाइ, बोलाइ, पढाइ र लेखाइका सामग्री वा त्यसका नमुना पाठ आदिको प्रस्तुतीकरण गरिने; 'अभ्यास' अन्तर्गत पहिले प्रस्तुतीकरण गरिएका सामग्रीहरूका बारेमा अभ्यास गर्न लगाइने, 'उत्पादन' अन्तर्गत भाषिक खेल, भूमिका अभिनय, सङ्कथन निर्माण, छलफल र अन्तर्क्रिया, सूचना सम्प्रेषण, निष्कर्ष, सारांश, बोध प्रश्नोत्तर, स्वतन्त्र लेखनजस्ता कार्यहरूलाई निर्देश गरिएको देखिन्छ । 'प्रयोगात्मक कार्य' अन्तर्गत पृष्ठभूमि र आवश्यकताअनुसार विभिन्न शैलीमा निबन्ध, संवाद, कथा, कविता लेखनलगायत विभिन्न सङ्कथनको निर्माण गर्ने प्रक्रियालाई उल्लेख गरिएको छ ।

दोस्रो बुँदा 'बहु बौद्धिकता' अन्तर्गत भाषिक, तार्किक/गणितीय, दृश्यात्मक, शारीरिक गतिबोधक, साङ्गीतिक, अन्तर वैयक्तिक, प्राकृतिक लगायतका बौद्धिकताका आधारमा क्रियाकलाप सञ्चालन गर्ने तथा 'आलोचनात्मक सोच' अन्तर्गत सुनाइ र पढाइबाट विचार निर्माण गर्ने, विश्लेषण, सिर्जना, सम्पादन लगायतका प्रक्रियामा जोड दिइएको छ । त्यस्तै 'सहकार्यात्मक (व्यक्ति र समूह कार्य)' अन्तर्गत सामूहिक र व्यक्तिगत कार्यका माध्यमबाट कार्य गर्न दिने, प्रस्तुतीकरण गर्न लगाउने र यसका अतिरिक्त, छलफल, भाषिक खेल, अन्तर्क्रिया, परियोजना कार्य, टिपोट लेखन, दैनिकी लेखन लगायतका प्रकार्यमा केन्द्रित भई शिक्षण गरिने उल्लेख छ । 'विधाका माध्यमबाट सिपहरूको शिक्षण' अन्तर्गत क्रियाकलापको व्यवस्था यसप्रकार गरिएको छ :

> पाठगत रूपमा राखिएका विधालाई शब्द भण्डार, वर्ण विन्यास, कार्यमूलक व्याकरणमा उपयोग गर्ने, पाठ श्रवण, उच्चारण, सस्वर र मौन पठन, शब्दार्थ र वाक्यमा प्रयोग, प्रश्नोत्तर, कथा कथन, कथा निर्माण, बुँदा टिपोट, व्याख्या, सारांश, घटना क्रम मिलान, लययुक्त सस्वर वाचन, संवाद, मनोवाद र दैनिकी लेखन, भूमिका अभिनय, चिठी, विज्ञापन, समवेदना, निमन्त्रणा लगायतका व्यावहारिक लेखनका लागि यी विधा उपयोगी रहेकाले तिनको भाषापरक स्वरूप, सौन्दर्यात्मक र सामाजिक, सांस्कृतिक बोधका रूपमा बुझी मूलतः बोध र अभिव्यक्तिको अभ्यास गराउने, शिक्षणलाई रचना र प्रयोगका माध्यमबाट मात्र अघि बढाउनुपर्ने, भाषा सदैव सन्दर्भमा मात्र सार्थक हुने र सन्दर्भ रचना, पाठ वा सङ्कथनबाट मात्र प्रस्तुत हुने हुँदा पाठ वा रचनाका आधारमा शिक्षण गर्नुपर्छ र मूल्याङ्कन पनि त्यसरी नै सर्वथा अपेक्षित छ (मा.शि.पा.२०७१, पृ. ३९) ।

प्रस्तुत पाठ्यक्रमको 'सिपहरूमा आधारित क्रियाकलाप' अन्तर्गत अधिकतम रूपमा प्रकार्यपरक कार्यकलापलाई निर्दिष्ट गरिएको पाइन्छ । जसका माध्यमबाट विद्यार्थीहरूमा श्रुतिरचना, वस्तु तथा घटना

वर्णन, अभिनय तथा नाटकीकरण, अनुभव वर्णन तथा घटना मिलान, विविध विधामा सिर्जनात्मक लेखन लगायतका प्रकार्यपरक सिप विकास हुने अपेक्षा रहेको देखिन्छ (मा.शि.पा.२०७१, पृ. ३९-४०) । प्रस्तुत प्रक्रियाहरू कार्यमूलक एवं सक्रिय सहभागितामूलक रहेकाले सिकाइ सहजीकरण प्रक्रिया प्रकार्यपरक रहेको देखिन्छ ।

*मूल्याङ्कन प्रक्रिया :* प्रकार्यात्मक भाषा पाठ्यक्रममा मूल्याङ्कन प्रक्रियाको व्यवस्था प्रकार्यपरक अर्थात् कार्यमूलक विषय र सन्दर्भमा आधारित रचनात्मक सिपको मूल्याङ्कनमा आधारित हुन्छ । कक्षा ९ र १० को मूल्याङ्कन प्रक्रियालाई एकै ठाउँमा प्रस्तुत गरिएको यस खण्डमा 'विद्यार्थी मूल्याङ्कन प्रक्रिया' शीर्षकअन्तर्गत यसलाई उल्लेख गरिएको देखिन्छ । विद्यार्थी मूल्याङ्कन प्रक्रिया अक्षराङ्कन पद्धतिअनुसार हुने, यसका लागि निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्नुपर्ने तथा निर्माणात्मक मूल्याङ्कनअन्तर्गत प्रयोगात्मक कार्य वा परियोजना कार्य, सम्पर्क कक्षा सहभागिता, सिकाइसम्बद्ध सिर्जनात्मक कार्य, कक्षा कार्य, उपलब्धि परीक्षा, सिकाइ व्यवहारमा आएको परिवर्तन आदि पक्षलाई आवश्यकताअनुसार उपयोग गर्नुपर्ने हुन्छ (मा.शि.पा.२०७१, पृ. ४०) । त्यस्तै सिकारुका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामुहिक छलफल, लिखित परीक्षा, हाजिरी जवाफ, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन जस्ता कुराहरू पर्छन् । साथै कक्षा कार्यकलापको सिलसिलामा प्रयोगात्मक कार्यकलाप गराउनुपर्ने, यस्तो मूल्याङ्कन सम्पर्क कक्षाहरूमा नै गरिने र नेपाली भाषाको मूल्याङ्कन सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा आधारित भएर मापन गरिने दृष्टिकोण प्रस्तुत गरिएको छ (मा.शि.पा.२०७१, पृ.४०) । यसरी प्रस्तुत विभिन्न क्रियाकलाप, प्रक्रिया र आधारहरूलाई प्रस्तुत गरिएको छ ।

सैद्धान्तिक तथा प्रयोगात्मक मूल्याङ्कनको व्यवस्था गरिएको यस पाठ्यक्रममा भाषिक सिपगत सक्षमताको मापन गर्ने गरी प्रश्नहरूको निर्माण गर्नुपर्ने कुरा दुवै कक्षाका लागि निर्देश गरिएको देखिन्छ । यसलाई भाषिक क्षेत्र र अङ्कभार वितरण तालिकामा पनि प्रस्तुत गरिएको छ । जसमा सैद्धान्तिक मूल्याङ्कनतर्फ पढाइ र लेखाइ सिपको मूल्याङ्कन गरिने व्यवस्थाका साथै विधा तथा पाठलाई अङ्कसहित स्पष्ट गरिएको छ । प्रयोगात्मक मूल्याङ्कनतर्फ सुनाइ र बोलाइलाई २५ अङ्क निर्धारण गरिएको छ ।

प्रस्तुत पाठ्यक्रमले शब्दभण्डार तथा व्याकरणका पक्षहरूलाई रचनामुखी शिक्षणको ध्येयअनुसार मूल्याङ्कन गर्नुपर्ने अभीष्टलाई समेटेको देखिन्छ । सिकाइसम्बद्ध सिर्जनात्मक कार्य, सन्दर्भमा आधारित कार्यमूलक व्याकरण तथा भाषा सिकाइ व्यवहारको अवलोकन, विभिन्न गद्य तथा पद्य विधाका पाठका विषयवस्तु, मूलभाव, घटना, सन्देश, पात्र आदिको परीक्षणमा प्रकार्यपरक प्रस्तुति अपेक्षित रहेअनुरुप मूल्याङ्कन अभीष्टलाई पाठ्यक्रमले समेटेको देखिन्छ ।

### *वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रममा कक्षागत (कक्षा ९ र १०) भिन्नता*

प्रकार्यपरक दृष्टिले प्रस्तुत पाठ्यक्रमको कक्षागत भिन्नताका रूपमा कक्षागत सिकाइ उपलब्धि एवं विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण गरी दुई खण्डमा रहेका भिन्नतालाई यसप्रकार विश्लेषण गरिएको छ :

*कक्षागत सिकाइ उपलब्धि* : प्रस्तुत पाठ्यक्रममा कक्षागत सिकाइ उपलब्धिहरूलाई कक्षागत दृष्टिले छुट्टाछुट्टै रूपमा निर्धारण गरिएका छन् । कक्षा नौमा सुनाइ र बोलाइ सिपका प्रकार्यपरक कक्षागत सिकाइ उपलब्धिहरूमा नौ नं. को श्रोताहरूको अवस्था, प्रस्तुतिको योजना तथा परिवेशअनुसार विचार प्रस्तुत गर्न, १० नं. को गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्ति गर्न, ११ नं. को समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न, १३ नं. को आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न र १४ नं. को सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन ( मा.शि.पा.२०७१, पृ. २८-२९) । यसरी कक्षा नौमा सुनाइ र बोलाइका १५ वटा उपलब्धिमध्ये प्रस्तुत पाँच वटा उपलब्धिहरू प्रकार्यपरक सिप विकासमा आधारित छन् । यी उपलब्धिहरू ३३.३३% प्रयोग भएको पाइन्छ ।

त्यस्तै कक्षा १० का सुनाइ र बोलाइका १७ वटामध्ये उपलब्धि नं. पाँचको साहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न, सात नं. को साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न, आठ नं. को वक्तृता, संवाद, छलफलजस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न, नौ नं.को देखे सुनेका,

अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न, ११.नं.को गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको अभिप्रायको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्ति गर्न, १४ नं. को आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा-सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न र १६ नं. को सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको सम्प्रेषणात्मक प्रकार्यका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन गरी सात वटा उपलब्धिहरू रहेका छन् (मा.शि.पा.२०७१, पृ.३२-३३) । यसदृष्टिले कक्षा १० का सुनाइ र बोलाइसम्बद्ध सिपहरू ४१.१७ % निर्माण भएका देखिन्छन् । यसरी प्रकार्यपरक दृष्टिले कक्षा नौका तुलनामा कक्षा १० मा अधिक उपलब्धिहरू निर्धारण गरिएका देखिन्छन् ।

त्यस्तै, कक्षा नौमा पढाइ सिपका ११ वटा कक्षागत उद्देश्यहरूमध्ये चार नं को साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न, छ नं. को पाठमा प्रयुक्त भाषाको प्राज्ञिक, प्राविधिक, तार्किक पक्षको पहिचान गरी पढ्न, आठ नं. को लिखित सामग्रीको प्रयोजन ख्याल गरी पढ्न र ती सामग्री पढी प्रयोजनको सन्दर्भ र उद्देश्य पहिचान गर्न, नौ नं. को हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न, १० नं.को साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न र ११ नं. को पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न रहेका छन् । प्रस्तुत छ वटा उपलब्धिहरू प्रकार्यपरक सिप विकासमा आधारित छन्, जुन ५४.५४% रहेको देखिन्छ ।

त्यस्तै कक्षा १० मा पढाइ सिपका १५ वटा उद्देश्यमध्ये पाँच नं.को साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न, सात नं.को पाठमा प्रयुक्त भाषाको प्राज्ञिक, प्राविधिक र तार्किक पक्षको पहिचान गरी पढ्न, ११ नं.को साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न, १४ नं. को पाठमा प्रयुक्त विशिष्ट प्रकारका गणितीय, सङ्ख्यापरक तथा तिथिमितियुक्त सूचना पत्ता लगाई तिनको तालिकीकरण गर्न सक्ने गरी पढ्न, १५ नं.को आलोचनात्मक सोचको निर्माण गर्ने गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न गरी पाँच वटा उद्देश्यहरू प्रकार्यपरक सिपसम्बद्ध देखिन्छन्, जुन ३३.३३ % रहेका छन् ।

त्यसैगरी कक्षा नौमा लेखाइ सिपका १२ वटा उद्देश्यहरूमध्ये चार नं.को कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न, पाँच नं. को आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषय वस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न, सात नं.को साहित्यिक विधा तथा पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न, आठ नं.को दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गर्न, नौ नं. को दैनिकी, संवाद, वादविवाद रचना गर्न/लेख्न र १२ नं.को विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति गर्न गरी छ वटा रहेका छन् । यसदृष्टिले लेखाइ सिपका प्रकार्यपरक उद्देश्यहरू ५०% निर्माण गरिएका देखिन्छन् । त्यस्तै, कक्षा १० मा लेखाइका कुल १५ वटा उद्देश्यहरूमध्ये चार नं.को कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न, छ नं.को उद्देश्यमूलक सूचना र विषय वस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न र विश्लेषण गर्न, नौ नं. को दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गर्न, १० नं. को उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेख्न, १३ नं. को विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गर्न र १४ नं. को विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक अभिव्यक्ति प्रस्तुत गर्न गरी कुल छ वटा उद्देश्यहरू प्रकार्यपरक सिपसम्बद्ध निर्माण भएका देखिन्छन् । प्रकार्यपरकताका रूपमा यी उद्देश्यहरू ४० % प्रयोग भएका देखिन्छन् । यसरी प्रकार्यपरक दृष्टिले कक्षा नौ र १० का लेखाइ सिपसम्बद्ध उद्देश्यहरू कक्षा नौमा कक्षागत स्तरका दृष्टिले सामान्यतया ठिकै र कक्षा १० मा अधिक रूपमा निर्धारण गर्नु पर्नेमा न्यून रूपमा निर्धारण गरिएको देखिन्छ ।

*विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण* : भाषा पाठ्यक्रममा विभिन्न क्षेत्रका विधा तथा पाठहरूमा विभिन्न प्रकारका पाठ्यवस्तुहरूलाई अन्वित गर्ने कार्यको सुस्पष्ट सूचना दिनुपर्दछ । प्रकार्यपरक अवधारणा भाषाको सम्प्रेषणात्मक पक्षसँग पनि सम्बन्धित देखिन्छ । हेनरी विडोसनको सम्प्रेषणात्मक सुझबुझ विना व्याकरणात्मक नियम र धारणाको अर्थ छैन भन्ने विचारपछि भाषावैज्ञानिक डि. ए. विलकिन्स (सन् १९७२) ले भाषिक अर्थकोटि (आवृत्ति, स्थान, परिमाण आदि) र प्रकार्य (अनुरोध, सूचना, अनुमोदन, स्वागत, निमन्त्रणा, प्रश्न, निषेध आदि) को सूची तयार गरेर भाषा पाठ्यक्रमको ढाँचा तय

गर्नुपर्ने वताएका छन् (पौडेलद्वारा उद्धृत, २०६७, पृ. २९२) । यस्ता पाठ्यवस्तुको उपयुक्त छनोट र प्रस्तुतिक्रम प्रकार्यपरक पाठ्यक्रममा आवश्यक मानिन्छ । प्रस्तुत पाठ्यक्रममा प्रकार्यपरक पाठ्यवस्तुको छनोट र प्रस्तुति कक्षागत आधारमा निर्दिष्ट गरिएको देखिन्छ ।

प्रस्तुत पाठ्यक्रममा भाषिक बोध र अभिव्यक्तिअन्तर्गतको कोलममा यसलाई समष्टिगत रूपमा समेटिएको पाइन्छ । जसमा कक्षा नौमा कविताअन्तर्गत सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा आधारित क्रमश : लैङ्गिक भूमिका तथा समता र पर्यावरणीय समस्याका बारेमा अनुच्छेद रचना; जीवनीअन्तर्गत जीवनी लेखन तथा आलोचनात्मक सोचसहित स्वतन्त्र जीवनी लेखन; निबन्धअन्तर्गत प्राविधिक एवं व्यावसायिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा आधारित निबन्ध रचना; कथाअन्तर्गत सामाजिक र मनोवैज्ञानिक क्षेत्रसम्बद्ध कथाका घटना, संरचनाको वर्णन तथा मनोरञ्जनमा आधारित रचना, सारांश लेखन, कथामा आधारित प्रश्न रचना एवं निर्देशित र स्वतन्त्र रूपमा कथा रचना; चिठीअन्तर्गत चिठी, समवेदना पत्र, निमन्त्रणा पत्र, विज्ञापन लेखन, स्वास्थ्य र औषधिविज्ञानका बारेमा रचनात्मक अभिव्यक्ति, रूपकअन्तर्गत विश्लेषणात्मक र आलोचनात्मक सोचसहितको मनोवाद तथा तार्किक वादविवाद लेखन लगायतका प्रकार्यको विवरणलाई प्रस्तुत गरिएको छ । दैनिकीअन्तर्गत पर्यावरणीय यात्रा, प्रकृति र मानव जीवनमा आधारित प्रकार्यपरक अभिव्यक्तिलाई समेटेको देखिन्छ (मा.शि.पा.२०७१, पृ.३३-३४) ।

त्यस्तै कक्षा १० मा भने कविताअन्तर्गत लैङ्गिक भूमिका तथा समता र पर्यावरणीय समस्याका बारेमा अनुच्छेद रचनालाई समेटिएको छ । कथाअन्तर्गतका विषयवस्तुमा आधारित प्रकार्य कक्षा नौ का नै रहेका तर बोध, अनुमान र घटना वर्णन तथा दुर्व्यसन र लागु औषधिसम्बन्धी अभिव्यक्तिलाई थप गरिएको देखिन्छ तर अरु प्रकार्य कक्षा नौका नै रहेका छन् । त्यसैगरी जीवनीअन्तर्गत जीवनी लेखन, निबन्धअन्तर्गत प्राविधिक एवं व्यावसायिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा आधारित निबन्ध रचना एवं चिठीअन्तर्गत व्यापारिक चिठी, निमन्त्रणा पत्र र शुभकामना लेखनका व्यावहारिक अभिव्यक्तिहरू यस कक्षामा समेटिएका छन् । रूपकअन्तर्गत विश्लेषणात्मक, तार्किक र आलोचनात्मक सोचसहितको मनोवाद तथा वादविवाद रचना लगायतका प्रकार्यलाई निर्दिष्ट गरिएको छ (मा.शि.पा.२०७१, पृ.३४ -३५) । यसअनुसार समाजका आवश्यकताका विषय क्षेत्रलाई प्रस्तुत पाठ्यक्रममा उपयोग गरिएको देखिन्छ । प्रकार्यपरकताका दृष्टिले कक्षागत पाठ्यवस्तु र यसको विवरणलाई सामान्य र समष्टिगत रूपमा प्रस्तुत गरिएको देखिन्छ । त्यस्तै, विभिन्न किसिमका शब्दभण्डार, भाषातत्त्व एवं व्याकरणलाई पाठको सन्दर्भमा आधारित गरी प्रयोग गरिएको र तिनलाई वाक्यात्मक र अनुच्छेदात्मक संरचनामा प्रयोग गर्ने युक्तिअनुरूप प्रकार्यको उपयोग भएको देखिन्छ ।

**निष्कर्ष**

भाषा पाठ्यक्रमलाई विभिन्न आधारहरूबाट अध्ययन गर्न सकिने भए तापनि यस अनुसन्धान उत्पादनमुखी पाठ्यक्रमको प्रकार्यपरक अभिलक्षणका आधारमा वर्तमान माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रमको कक्षागत (कक्षा नौ र १०) तुलनामा केन्द्रित गरिएको छ । यसअनुसार निर्दिष्ट नेपाली भाषा पाठ्यक्रमको परिचय, तहगत सक्षमता, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रक्रियामा कक्षा नौ र १० बिच रहेको समानता तथा कक्षागत सिकाइ उपलब्धि र विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत विद्यमान तुलनीय प्रकार्यपरक भिन्नतामा अनुसन्धान आधारित गरिएको छ । कक्षा नौ र १० दुवैमा प्रस्तुत परिचय, तहगत सक्षमता, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई कक्षागत एकरुपता हुने गरी उपयुक्त प्रकार्यपरकतामा अन्वित गरिएको त छ तर प्रयोगात्मक मूल्याङ्कनतर्फ निर्धारण गरिएको २५ अङ्क पर्याप्त छैन । सुनाइ र बोलाइ बोध तथा अभिव्यक्तिका प्रमुख आधार भएको र यी सिपको विकासबिना पढाइ र लेखाइ सिपको विकास हुन नसक्ने भएकाले सुनाइ र बोलाइको मूल्याङ्कनका लागि ४० अङ्क निर्धारण गर्नु आवश्यक देखिन्छ ।

कक्षागत सिकाइ उपलब्धिअन्तर्गत कक्षा नौमा सुनाइ र बोलाइका ३३.३३%, पढाइका ५४.५४% र लेखाइका ५०% प्रकार्यपरक उपलब्धि रहेको देखिन्छ । कक्षा १० मा भने सुनाइ र बोलाइका ४१.१७ %, पढाइका ३३ % र लेखाइका ४० % प्रकार्यपरक उपलब्धि निर्धारण गरिएको देखिन्छ । प्रकार्यपरक दृष्टिले यी उपलब्धिहरू कक्षा १० मा उपयुक्त रूपमा निर्माण गरिएको त देखिन्छ तर 'कक्षा नौ' कक्षा १० को पूर्वाधार भए तापनि यस कक्षामा भाषाका आधारभूत सिप सुनाइ र बोलाइ दुवैलाई जम्मा एक तृतीयांश मात्र निर्धारण गरिएकाले सुनाइ र बोलाइसम्बद्ध उपलब्धिहरू न्यून रूपमा निर्धारण गरिएको देखिन्छ । पढाइ र लेखाइसम्बद्ध उपलब्धिलाई पनि कक्षा नौमा कम गराई कक्षा १० मा बढी जोड दिनुपर्ने देखिन्छ ।

विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरणअन्तर्गत कक्षा नौमा कथाअन्तर्गत लोककथा र ऐतिहासिक कथा, रुपकअन्तर्गत संवाद र वक्तृता तथा चिठीअन्तर्गत घरायसी निवेदन/कार्यालयीय र दैनन्दिनका कार्यकलापमा आधारित दैनिकीलाई भिन्न पाठ्यवस्तुका रूपमा छनोट गरिएको देखिन्छ । त्यसैगरी कक्षा १० का लागि कथाअन्तर्गत पौराणिक, निबन्धअन्तर्गत सांस्कृतिक, रुपकअन्तर्गत एकाङ्की, वादविवाद र मनोवाद एवं चिठीअन्तर्गत व्यापारिकलाई थप पाठ्यवस्तुका रूपमा छनोट गरिएको देखिन्छ । कवितालगायत प्रस्तुत विभिन्न विधाअन्तर्गत अन्य पाठ्यवस्तु दुवै कक्षामा समान रूपमा समावेश गरिएका छन् । यीमध्ये दुवै कक्षामा कथामा आधारित प्रश्न रचना एवं रूपक विधाअन्तर्गतका मनोवाद तथा वादविवादका सन्दर्भमा लेखन सिपसम्बद्ध प्रकार्यलाई भन्दा बोलाइ सिपसम्बद्ध प्रकार्य (मनोवाद र वक्तृता) लाई प्रस्तुत गर्दा उपयुक्त हुने र जीवनीअन्तर्गत कुनै उदाहरणीय व्यक्तिको जीवनमा आधारित अनुच्छेद रचना एवं स्वतन्त्र रूपमा जीवनी लेखन तथा चिठीअन्तर्गत चिठी लेखन/रचनालाई नै स्थान दिनु आवश्यक हुने अध्ययनको निष्कर्ष रहेको छ ।

**कृतज्ञताज्ञापन**

*प्रस्तुत लेख अनुसन्धान तथा आविष्कार केन्द्र, त्रि.वि. पृथ्वीनारायण क्याम्पस, पोखराद्वारा प्रदान गरिएको अनुसन्धान अनुदान प्राप्त गरी सम्पन्न गरिएको प्रतिवेदनका आधारमा तयार पारिएको हो । केन्द्रप्रति हार्दिक आभार प्रकट गर्दछु ।*

**सन्दर्भ सामग्रीसूची**

चौलागाईं, कुमार (२०६६), *माध्यमिक तहको अनिवार्य भाषा पाठ्यक्रम (२०३८/२०६४) को तुलनात्मक अध्ययन,* एम  एड अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस : नेपाली शिक्षा विभाग ।

ढकाल, शान्तिप्रसाद र खतिवडा तिर्थराज, (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* शुभकामना प्रकाशन।

पराजुली, तीर्थराज र अन्य (सन् २०१३), *अनुसन्धान पद्धति,* हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, हिममाया (२०७१), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्दति,* (ते.संस्क.), पिनाकल पब्लिकेसन प्रा. ली ।

पौडेल, हिममाया (२०७७), *प्रकार्यवादी अवधाणा : सैद्धान्तिक मान्यता र भाषाशिक्षणसँग यसको सम्बन्ध, अवधारणा,* अङ्क ६, पृ. ६५-७४ ।

पौडेल, हिममाया (२०७९), *माध्यमिक तहको वर्तमान (२०७१) नेपाली भाषा पाठ्यक्रममा प्रकार्यपरकता,* पृथ्वीनारायण क्याम्पसको लघु अनुसन्धान परियोजना कार्यका लागि प्रस्तुत शोधपत्र ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०७१), *कक्षा ९-१०,* नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमीः भक्तपुर ।

मैनाली, गुरूप्रसाद र मैनाली, मोहन (अनु.) (सन् २०१०), *विश्लेषणात्मक चिन्तन, शिक्षण र सिकाइ रणनीति* (क्राओफोर्ड, आलन र अन्यकृत), सामाजिक संवादका लागि सहकार्य ।

यादव, चन्द्रेश्वर र कृष्णबहादुर जि.सी (२०७५),*पाठ्यक्रम र मूल्याङ्कन,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ् हाउस, प्रा. ली ।

रेजन, सेन्टा ए. (सन् १९८८), *इन्क्रिजिङ् एजुकेसनल प्रडक्टीभिटी थ्रो इम्प्रुभिङ द साइन्स करिकुलम,* सेन्टर फर पोलिसी रिसर्च इन एजुकेसन, मिचिगन स्टेट युनिभर्सिटी, यु.एस ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

सलाम, अब्दुस (सन् २०१५), *इनपुट, प्रोसेस एण्ड अउटपुट : सिष्टम एप्रोच इन एजुकेशन टु एस्युर द क्वालिटी एण्ड एक्सलेन्स इन पफर्मेन्स* (अङ्क १४), बङ्गालादेश जर्नल अफ मेडिकल साइन्स ।
https://www.teachingenglish.org.uk/article/product-oriented-syllabus